# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०३।१७ गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको।

------------------------------------------------

श्रीमती मनराजी देवी मा.वि. मर्चवारी, रूपन्देहीमा कार्यरत प्राथमिक शिक्षक (अस्थाई) सत्यधामा यादवले स्थाई अध्यापन अनुमति पत्रको प्रमाणपत्र नक्कली बनाइ पेश गरी कार्यरत रहेकोले छानबिन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले शिक्षक सेवा आयोगबाट प्राथमिक तहको स्थाई अध्यापन पत्र प्राप्त गरेको नक्कली अध्यापन अनुमतिपत्रको प्रमाण-पत्र पेश गरी नियुक्ति लिइ सेवामा प्रवेश गरी लाभ समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
सहायक प्रवक्ता एवं सूचना अधिकारी